पाठ १०

# मण्डलीहरूले मानिसहरूलाई सेवा पुऱ्याउँछन्

केही पाहुनाहरू अति सुन्दर मण्डली भवनभित्र गए। यसको सुन्दरता, बनावट र धन-दौलत देखेर तिनीहरू छक्क परे। स्थानीय मण्डलीका अगुवाहरूले आफ्ना पाहुनाहरूसँग यसो भने, "'मसँग रुपियाँपैसा छैन,' भनी धेरै पहिले पत्रुसले सुन्दर ढोकामा कुँजो मानिसलाई भनेका थिए। अब हामीसँग सुन र चाँदी छैन भनी हामीले भन्नुपर्ने आवश्यकता छैन!"

एक जना पाहुनाले जवाफ दिए, "ए त्यसो पो, अभाग्यबस, तपाईं पनि पत्रुससँग कदापि यसो भन्न सक्नुहुन्न, "तर जे मसित छ, त्यही म तँलाई दिन्छु। नासरतका येशू ख्रीष्टको नाउँमा हिँड्!" (प्रेरित ३:६)।

नयाँ करारका मण्डलीहरूले गरेझैं आजका मण्डलीहरूले पनि मानिसहरूका आवश्यकताअनुसार सेवा पुऱ्याउनुपर्छ। धन-सम्पत्ति, शिक्षा र मान-इज्जत परमेश्वरको शक्तिको विकल्प हुन सक्दैनन्। "येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ" (हिब्रू १३:८)। हामीले उहाँको नाउँमा मानिसहरूलाई सेवा गर्न सकौं!



**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

विश्वासीहरूलाई मण्डलीहरूले पोषण गर्छन्
खाँचोमा परेकाहरूलाई मण्डलीहरूले सहयोग गर्छन्
नाश भइरहेकाहरूलाई मण्डलीहरूले सुसमाचार प्रचार गर्छन्

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- मण्डलीहरूले विश्वासीहरूलाई किन पोषण गर्नुपर्छ, सोको कारण दिन।
- खाँचोमा परेकाहरूलाई मण्डलीले कसरी सहायता गर्न सक्छ, सोको व्याख्या गर्न।
- नाश भएकाहरूका बीचमा सुसमाचार पुऱ्याउने जरूरी र महत्त्वलाई महसूस गर्न।

## विश्वासीहरूलाई मण्डलीहरूले पालन-पोषण गर्छन्

उद्देश्य १ *मण्डलीले आफ्ना विश्वासीहरूलाई पोषण गर्न सक्ने तरीकाहरूको सूची बनाउनुहोस्।*

सच्चा मण्डली अगुवाहरू आफ्ना भेड़ाका हेरचाहा गर्ने विश्वासयोग्य गोठालाहरूजस्तै हुन्छन्। असल गोठालो र भाड़ाको मान्छेको बारेमा येशूले हामीलाई एउटा कथा भन्नुभएको छ। उहाँले भन्नुभयोः

> म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ। भाड़ाको मान्छेचाहिँ भेड़ाहरूको आफ्नै गोठालोजस्तो होइन। त्यसले त ब्वाँसालाई आएको देखेर भेड़ाहरूलाई छोड़ी त्यो भाग्छ, र ब्वाँसाले भेड़ाहरूलाई गाँजी लैजान्छ, र तितरबितर पारिदिन्छ। त्यो भाग्छ, किनभने त्यो भाड़ाको मान्छे हो, त्यसले भेड़ाको केही वास्ता गर्दैन। म असल गोठालो हुँ, म आफ्ना भेड़ाहरूलाई चिन्छु, अनि मेरा भेड़ाहरूले मलाई चिन्छन्। जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेड़ाहरूका लागि आफ्नो प्राण अर्पण गर्छु (यूहन्ना १०:११-१५)।

तिमोथी र मरियमको विवाह हुने बित्तिकै तिनीहरूलाई सदस्यहरूका रूपमा मण्डलीमा ग्रहण गरियो। बाइबल अध्ययन कक्षाहरूमा सहभागी हुनुको साथसाथै, तिनीहरूले अगुवाहरूका तालिम कक्षाहरूमा र पत्राचारबाट अध्ययन गरिने पाठ्यक्रमहरूमा पनि भाग लिएका छन्। यो र तिनीहरूले प्रार्थनामा एकैसाथ समय बिताइएको कारण तिनीहरू दुवै प्रभुमा छिटो-छिटो वृद्धि भइरहेका छन्।

जवान अगुवाका रूपमा सेवा गर्दा पनि तिमोथीले धेरै पाठहरू सिकेका छन्। उनले परमेश्वरलाई खोज्दा र उहाँमा भर पर्दा बोल्नको लागि पवित्र आत्माले कसरी सहायता गर्नुहुन्छ भन्ने कुरा उनले पत्ता लगाएका छन्। मरियम पनि सण्डे स्कूल (बाल-सङ्गति)-मा सिकाउने गर्छिन्। तिनले पियानो बाजा बजाउन पनि सिकिन् र तिनीहरूका जवानहरूका सेवामा उनी त्यो बाजा बजाउँछिन्। तिनीहरू आफ्ना मण्डलीमा अति नै आनन्दित छन्!

मण्डलीले यसका विश्वासीहरूलाई पोषण गर्न सक्ने तरीकाहरूका सम्बन्धमा तिमोथी र मरियमको मण्डलीले उदाहरण प्रस्तुत गरेको छ। *पोषण* भन्ने शब्दको अर्थ खुवाउनु, तालिम दिनु र शिक्षा दिनु हो। मण्डली अगुवाहरूले परमेश्वरको बगाललाई खुवाउनुपर्छ र परमेश्वरको वचन खानका लागि नयाँ विश्वासीहरूलाई सहायता पुऱ्याउनुपर्छ। प्रार्थना गर्न र प्रभुलाई खोज्नका लागि मण्डलीले मानिसहरूलाई अवसर प्रदान गर्छ। पवित्र आत्माले भरिनका लागि यसले तिनीहरूलाई उत्साह दिन्छ। बिरामीहरूका निम्ति प्रार्थना गर्ने र दुःखमा परेका समयमा सान्त्वना पाउने ठाउँ त्यही नै हो। मण्डलीचाहिँ ख्रीष्टको शरीरको दृश्य रूप हो।

**तपाईंको अभ्यासको निम्ति**

१ मण्डलीले आफ्ना सदस्यहरूलाई पोषण गर्ने पाँच तरीकाहरूको सूची बनाउनुहोस्।

..................................................................

..................................................................

**२** तपाईं वा तपाईंको परिवारलाई मण्डलीले कसरी पोषण गरिसकेको छ, तीमध्ये एउटा वा दुइवटाको उल्लेख गर्नुहोस्।

........................................................................

........................................................................

## खाँचोमा परेकाहरूलाई मण्डलीहरूले सहयोग गर्छन्

उद्देश्य २ *खाँचोमा परेकाहरूलाई मण्डलीहरूले व्यावहारिक रूपमा कसरी सहायता पुऱ्याउन सक्छन् वर्णन गर्नुहोस्।*

ख्रीष्टको आफ्नै सेवाको शुरूमा उहाँ आफ्नो घर शहर नासरतमा भएको सभाघर (आराधनाको घर)-मा पवित्रशास्त्रबाट पढ्नका लागि खड़ा हुनुभयो। चर्मपत्रको मुट्ठोलाई खोल्दै उहाँले यसरी पढ्नुभयोः

> परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषिक्त गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ (लूका ४:१८-१९)।

येशूलाई ख्रीष्ट भनिएको छ, जसको अर्थ "अभिषिक्त जन" हो। परमेश्वरले आफ्ना पुत्रलाई पवित्र आत्माको शक्तिको तेलले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो (प्रेरित १०:३८)। ख्रीष्टजस्तै उहाँका मण्डलीका

मानिसहरूले पनि सुसमाचार सुनाउनका लागि पवित्र आत्माको शक्तिद्वारा अभिषेक पाएको हुनुपर्छ। यस बारेमा तपाईंले पाठ २-मा अध्ययन गरिसक्नुभएको छ।

*गरीबहरूका* निम्ति सुसमाचार लिएर येशू आउनुभयो। गरीब वा दरिद्रले जतातातै खाँचोमा परेका हृदयहरूको प्रतिनिधित्व गर्छ। तिनीहरूले बुझ्ने र प्रतिउत्तर दिन सक्ने किसिममा तिनीहरूलाई उद्धार र छुटकाराको सन्देश दिइनुपर्छ। येशूले कैदीहरू, अन्धाहरू र थिचोमिचोमा परेकाहरूका बारेमा पनि बताउनुभयो। यी शब्दहरूले कि ता शारीरिक कि आत्मिक खाँचो भएका मानिसहरूका बारेमा वर्णन गरेको हुन सक्छ, तर प्रत्येक खाँचोलाई पूरा गर्नका लागि खीष्ट आउनुभयो। सुसमाचारले पूर्ण मानिस अर्थात् उसको शरीर, प्राण र आत्माको निम्ति भएको पूर्ण उद्धारको बारेमा बताउँछ।

हाम्रो विश्वास र हाम्रा कामहरूका बीचमा सन्तुलन हुनुपर्छ भनी बाइबलले हामीलाई बताउँछः

> मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र? यदि कोही भाइ वा बहिनी भुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, र तिमीहरूमध्ये कसैले त्यसलाई "शान्तिसित जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ," मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो (याकूब २:१४-१७)।

केही देशहरूमा त्यहाँका धेरै मानिसहरू बस्ने र खाने सम्बन्धमा केही प्रबन्ध नै छैन। एक छाक खाएपछि अर्को

छाक कहाँबाट आउँछ भन्ने कुरा उनीहरूलाई थाहा छैन। तिनीहरूमा खाने र लाउने कुराको ठूलो समस्या छ। अरू कतिपय ठाउँहरूमा शरणार्थीहरूले भोकमारीको सामना गर्नुपरेको छ। परमेश्वरका जनहरूले कसरी तिनीहरूलाई सहायता पुऱ्याउन सक्छन्?



विपत्तिले भरिएका यी क्षेत्रहरूमा कसरी राहत पुऱ्याउन सकिन्छ भनी जानिरहेका संगठनहरूद्वारा मण्डलीहरूले सहयोग पुऱ्याउन सक्छन्। धेरै मण्डली सम्प्रदायहरूमा पनि राहत कार्यक्रमहरू छन् र यी संगठनद्वारा स्थानीय मण्डलीहरूले रुपियाँपैसा, खानेकुरा र लुगाफाटा पठाउन सक्छन्।

यसको साथसाथै हाम्रो आफ्नै समुदायमा खाँचोमा परेका मानिसहरूलाई पनि हामीले वेवास्ता गर्नुहुँदैन। दिदी-बहिनीहरूको समूह वा मण्डलीको अर्को समूहले यस जिम्माको अभिभारा लिएको हुन्छ। मण्डलीको स्कूलमा आउने बालकलाई लुगा वा जुत्ताको खाँचो परेको हुन सक्छ। कसैले त्यस परिवारसँग भेटघाट गरी बड़ो समझदारीका साथ सहयोग गर्ने तरीकाहरू पत्ता लगाउन सक्छ।

अनि धनी र खाँचोमा परेकाहरूलाई पनि हामीले अवहेलना गर्नुहुँदैन! तर यस संसारका धन-सम्पत्तिमा धनी हुने धेरै व्यक्तिहरूले अलमल र रित्तोपनाको गह्रौं बोझलाई बोकिरहेका छन्। तिनीहरूलाई पनि उद्धार र आशाको सन्देशको खाँचो छ!



**तपाईंको अभ्यासको निम्ति**

३ तल दिइएको प्रत्येक खाँचोलाई विचार गर्नुहोस् र खाँचोमा परेकाहरूलाई सेवा पुऱ्याउँदा तपाईंले कुन व्यावहारिक कदम अपनाउनुहुन्छ सोको सुझाव दिनुहोस्।

**क.** परिवारका ६ जना सदस्यहरूले चढ़ेको गाड़ी बिग्रन्छ। तिनीहरू आफ्ना घरबाट धेरै नै टाढ़ा छन् र तिनीहरूसँग अलिअलि मात्र रुपियाँपैसा बाँकी छ।

..........................................................................

..........................................................................

**ख.** अर्को देशको कुनै शहरलाई भूकम्पले विनाश गर्छ।

..........................................................................

**ग.** नजीकैको समुदायलाई पानीले डुबाएको छ।

..........................................................................

..........................................................................

**घ.** हिँउदको जाड़ोको एक बिहानी एउटा बालक खाली खुट्टा मण्डलीमा आउँछ। ....................................

**४** तलका बयानहरूलाई पूरा गर्नुहोस्।

**क.** याकूब २:१४-१७-अनुसार विश्वासको साथसाथै ........ ............................................ पनि हुनुपर्छ।

**ख.** बाइबलले बताउँछ कि येशू ख्रीष्ट ...................... ....................-का निम्ति सुसमाचार लिएर आउनुभयो।

---

## नाश भइरहेकाहरूलाई मण्डलीहरूले सुसमाचार प्रचार गर्छन्

---

उद्देश्य ३ *नाश भइरहेकाहरूलाई सुसमाचार प्रचार गर्ने रूपहरूलाई वर्णन गर्ने बयानहरूलाई चिन्नुहोस्।*

येशूले आफ्नो जीवन र सेवाको सम्बन्धमा "हराएकालाई खोज्न र बचाउन आएको हो" भनी बताउनुभयो (लूका १९:१०)। *नाश* भएका मानिसहरू ती हुन्, जो उद्धार र पापहरूका क्षमाको आत्मिक खाँचोहरूमा परेका छन्।

मण्डलीहरूको मुख्य काम नाश भएकाहरूलाई सुसमाचार सुनाउनु हो। सबैलाई उद्धारको सुसमाचार बताएर, ख्रीष्टको शक्तिको साक्षी दिएर, प्रभुमा मानिसहरूलाई जितेर, र अरूहरूलाई सुसमाचार सुनाउन सक्ने चेलाहरूलाई तयारी गरेर तिनीहरूले यो काम गर्छन्।

मरियम र तिमोथीको विवाह भएको पनि तीन वर्ष बितिसक्यो।

"तपाईंले के विचार गर्दैहुनुहुन्छ?" भनी दिनभरि चूपचाप बसेका तिमोथीलाई मरियमले सोधिन्।

"गएको महीनामा उद्धार पाएका चार परिवारहरूलाई तिमी चिन्छ्यौ, जोहरू शहरको अर्कापट्टि बस्छन्?"

"हो चिन्छु। तिनीहरूलाई के भयो र?"

"तिनीहरू त्यत्ति टाढ़ाबाट नियमित रूपमा मण्डलीमा आउन असमर्थ भएका छन्। अनि त्यस क्षेत्रमा धैरै मानिसहरूको बसोबास छ र पनि त्यहाँ कुनै पनि मण्डली छैन।"

"तपाईंले के भन्न लाग्नुभएको हो सो मलाई थाहा छ। त्यस बारेमा परमेश्वर मसँग पनि बोलिरहनुभएको छ। हामीले तिनीहरूलाई सहयोग पुऱ्याउनुपर्छ।" भनी मरियमले बड़ो उत्सुकतासाथ भनिन्।

प्रभुको स्तुति होस्! त्यो काम गर्न तिमी इच्छुक भएकोमा म खुशी छु, तर के यसको अर्थलाई तिमीले साँच्चै महसूस गरेकी छौ? हामीलाई अति नै मन पर्ने सेवाहरूमा भाग लिनका लागि हामीले मौका पाउनेछैनौं।" भनी तिमोथीले प्रतिक्रिया जनाए।

"हो, यो कुरा मलाई थाहा छ। त्योचाहिँ अति नै कठिन कुरा थियो। तर अन्तमा मैले आफूलाई समर्पण गरें र हुन्छ भनी प्रभुलाई जवाफ दिएँ। यस बारेमा प्रभुले तपाईंसँग पनि कुराकानी गर्दै हुनुहुन्छ भन्ने कुरा मलाई थाहा थियो" भनी मरियमले बड़ो निश्चयताका साथ भनिन्।

"तब यसले मलाई निश्चयता दियो। त्योचाहिँ मेरो आफ्नै कल्पना मात्र थिएन। हाम्रा पास्टरको देखरेखमा त्यहाँ अर्को शाखा मण्डली स्थापना भएको परमेश्वर चाहनुहुन्छजस्तो मलाई लाग्छ। म मेरो पेशामा नै रही हप्तान्तमा त्यहाँ सेवा गर्न सक्छु। त्यहाँ शुरू गर्नका लागि यी चार परिवारहरू जगजस्तै हुन सक्छन्। हामी यस विषयमा पास्टरसँग कुराकानी गरौं र के गर्न सकिन्छ, सो हेरौं।"

"बाली कटनीको निम्ति पाकिसकेको छ," (यूहन्ना ४:३५) भनी खेतबारीको बारेमा तिमोथी र मरियमले सुनेको प्रचारले तिनीहरूको हृदयलाई ठूलो चुनौती दिएको छ। सुसमाचार प्रचारमा, मण्डली अगुवाइपनमा र नयाँ ठाउँमा काम गर्ने वास्तविक अनुभवसम्बन्धी तिनीहरूले प्राप्त गरेको तालिमले तिनीहरूलाई तयारी गरेको थियो। विशेष उद्देश्यको निम्ति तिनीहरूको मण्डलीले तिनीहरूलाई पालनपोषण गरेको हो भन्ने कुरा तिनीहरूले बुझे– तिनीहरूले सिकेका कुरालाई व्यवहारमा लगाउनका लागि।

तिमोथी र मरियम आफ्ना विचारमा ठीक छन्! मण्डलीले नयाँ विश्वासी र अन्य विश्वासीहरूलाई पास्टरका सन्देशहरू, अरूहरूद्वारा दिइएका बाइबल शिक्षाहरू र अर्थपूर्ण क्रियाकलापहरूद्वारा पालनपोषण गर्छ। तर यदि यी सबै कुराहरू मानिसहरूका हृदयमा मात्र अड्‌िए भने, योचाहिँ त्यहीँ मात्र जम्छ। विश्वासीहरूचाहिँ कुलोहरू हुनुपर्छ, जसद्वारा आशिष् बग्न सक्छ, अनि जति धेरै तिनीहरूले दिन्छन्, त्यत्ति नै धेरै तिनीहरूले प्राप्त गर्नेछन्। काठहरूलाई जलाएर आगो प्रज्ज्वलित भएझैं, नाश भएकाहरूलाई सुसमाचार प्रचार गरेर मण्डली फस्टाउँछ। हाम्रा प्रभुले आफ्नो स्वर्गारोहण हुनुभन्दा पहिले भन्नुभयोः

> तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ (प्रेरित १:८)।

पेन्तिकोसको दिनमा पवित्र आत्मा आगोझैं आउनुभयो। मण्डली वृद्धि हुनका लागि उहाँले आगो उपलब्ध गरिदिनुभयो।

आज संसार वरिपरिका मण्डलीहरू परमेश्वरका आत्माको आगोरूपी शक्तिद्वारा जागृत गराइएका छन्। पृथ्वीको अन्तसम्म सुसमाचार प्रचार गर्नुपर्ने ख्रीष्टको आज्ञालाई तिनीहरूले पालन गर्दा तिनीहरू अन्धकार, सरोकाररहित र निराशाको संसारमा आगाको ज्वाला हुनेछन्।

> **"परमेश्वरले आफ्ना दासहरूलाई आगोको ज्वाला तुल्याउनुहुन्छ।"**
> — *हिब्रू १:७*

मण्डलीहरूले गर्ने सबै कामहरूमध्ये योचाहिँ सबैभन्दा महत्त्वपूर्ण काम हो– किनकि मुक्तिदाताको सुसमाचारलाई संसारका सबै मानिसहरूकहाँ प्रचार गरेर सिकाइएपछि येशू ख्रीष्ट आफै आफ्नाहरूका निम्ति फर्किआउनुहुनेछ!

### तपाईंको अभ्यासको निम्ति

**५** तपाईंका आफ्नै शब्दहरूमा तलका वाक्यहरूलाई पूरा गर्नुहोस्।
आत्मिक अर्थमा नाश भएकाहरू ती हुन्, जो ..................
.......................................................................

**६** नाश भएकाहरूलाई सुसमाचार प्रचार गर्ने प्रत्येक क्रियाकलापको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।
**क**. उद्धारको सुसमाचार बाँड्नु

**ख**. गवाही दिनु र हाम्रो व्यक्तिगत साक्षी बाँड्नु,
**ग**. ख्रीष्टमा मानिसहरूलाई जित्नु
**घ**. अरूहरूलाई जित्न सक्ने किसिमले चेलाहरूलाई तयार पार्नु

अब तपाईं पाठ ६-१०-को तपाईंको विद्यार्थी प्रतिवेदन भर्नका लागि तयारी हुनुभएको छ। यी पाठहरूलाई दोहोऱ्याउनुहोस् र विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। तपाईंले आफ्नो उत्तर-पृष्ठ निर्देशकहरूकहाँ पठाउनुहुँदा अर्को पाठ्यपुस्तकको बारेमा सोधिपठाउनुहोस्।

## ✔ तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ शिक्षा दिने, बिरामीहरूका निम्ति प्रार्थना गर्ने, तालिम दिने, प्रार्थना गर्न र पवित्र आत्माले भरिनका लागि मानिसहरूलाई उत्साह दिने, सान्त्वना दिने र सेवा गर्नका लागि मौका दिने कुराहरूको सूची बनाउनुभएको होला।

४ **क** कार्यहरू (वा कामहरू)
**ख** गरीब (दरिद्र)।

२ तपाईंको उत्तर।

५ पापमा छन् वा जसले ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरेका छैनन्।

३ सुझाव दिइएका उत्तरहरू:
**क** तपाईंले त्यस परिवारको निम्ति खाना तयार पार्न सक्नुहुन्छ र मिस्त्रीको सहयोग जुटाइदिन सक्नुहुन्छ।

**ख** आर्थिक सहयोग पठाउन सक्नुहुन्छ।
**ग** फेरि त्यही बस्न सक्ने गरी तिनीहरूको घरलाई मर्मत गर्नको लागि एक झुण्डलाई संगठित गर्न सक्नुहुन्छ।
**घ** उनको घरमा गई भेटघाट गरी आवश्यकताअनुसार सहयोग पुऱ्याउन सकिन्छ।

६ तपाईंले सबैमा नै घेरा लगाएको हुनुपर्छ, किनकि नाश भएकाहरूलाई सुसमाचार प्रचार गर्नको निम्ति यो प्रत्येक तह महत्त्वपूर्ण छ।